# शिक्षामा सुधारको आवश्यकता

**नारायणगढ समाचारदाता**
*नारायणगढ, चैत २९ गते*

गृहमन्त्री सुधन गुरुङले शिक्षाको सुधार जरुरी रहेको बताउनुभएको छ । आइतबार आफूले बाल्यकाल बिताएको चितवनको ज्योतिनगरमा रहेको विद्यालय कालिका बोर्डिङ स्कुलको अवलोकन गर्दै मन्त्री गुरुङले शिक्षाको सुधारमा जोड दिनुभएको हो।

"एजुकेसनलाई रिफर्म गर्नु पर्छ," उहाँको स्पष्ट भनाइ थियो, "शिक्षा दिने गुरु महत्त्वपूर्ण हुन्छ । व्यक्ति कस्तो बन्छ भन्ने कुरा शिक्षा दिने गुरुमा भरपर्ने कुरा हो ।" व्यक्तिको वृत्तिविकासका लागि शिक्षक सबैभन्दा महत्त्वपूर्ण हुने उहाँले बताउनुभयो। "गुरुले कस्तो शिक्षा दिएर कस्तो नागरिक निस्किँदै छ भन्ने कुरा गुरुको शिक्षामा भरपर्ने हो," आफूलाई कक्षा १० सम्म पढाएका गुरुलाई अगाडि राखेर मन्त्री गुरुङले भन्नुभयो।

फरक प्रसङ्गमा पत्रकारले राखेको जिज्ञासामा गृहमन्त्री गुरुङले सहकारी ठगी अभियोग लागेका जिबी गुरुङलाई पक्राउ गर्ने कुरा गोपनीयताका कारण सार्वजनिक गर्न नहुने धारणा राख्नुभयो । "बोल्न हुँदैन। मन्त्रीको जिम्मेवारी लिँदै गर्दा गोपनीयताको हामीले वाचा लिएका छौँ," उहाँले भन्नुभयो।

गृहमन्त्री गुरुङले स्कुलका विभिन्न कक्षा अवलोकन गर्नुभएको थियो । उहाँले आफूलाई



*तस्बिर : वसन्त पराजुली*

**विद्यालय अवलोकनका क्रममा मन्त्री सुधन गुरुङ ।**

पढाएका शिक्षकसँगै परिवारजनका सदस्यलाई पनि भेट्नुभएको थियो ।

स्कुलका पूर्वप्राचार्य ऋषि घिमिरेले गृहमन्त्री गुरुङले आफूहरूलाई सम्झेर विद्यालय आएकोमा गुरुहरूप्रतिको सम्मान भएको बताउनुभयो। उहाँले भन्नुभयो, "विगतमा सुधनका बारेमा धेरै प्रश्न उठ्दै गर्दा पनि मैले नै स्पष्ट पार्नु परेको थियो। सुधनबाबु चितवन जिल्ला भरतपुर महानगरपालिका-१८ कै बासिन्दा हुन् ।" यसअघि मन्त्री गुरुङ शनिबार मध्यरातमा चितवन आउनुभएको हो । राति नै उहाँलाई भरतपुरमा नेपाल प्रहरी शिक्षालय भरतपुरमा औपचारिक स्वागत गरिएको थियो।

रासससका अनुसार गृहमन्त्री गुरुङले लागुऔषधलगायत आपराधिक क्रियाकलाप नियन्त्रणका लागि निर्मम भएर लाग्न सुरक्षाकर्मीलाई निर्देशन दिनुभएको छ। भरतपुरस्थित नेपाल प्रहरी शिक्षालयमा जिल्लाका सुरक्षा निकाय प्रमुखलाई उहाँले जनअपेक्षा अनुसार सुशासन कायम गर्न र लागुऔषधलगायत घटना नियन्त्रणमा कडाइका साथ प्रस्तुत हुन निर्देशन दिनुभएको हो।

मन्त्री गुरुङले जनताले महसुस गर्ने गरी चुस्तदुरुस्त सेवा दिन निर्देशन दिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीले जानकारी दिनुभयो।

गृहमन्त्री गुरुङले जिल्लाका विभिन्न ठाउँको निरीक्षण र अवलोकनसमेत गर्नुभयो। उहाँले शनिबार राति नारायणगढ-मुग्लिङ सडकखण्डका पहिरोग्रस्त क्षेत्र घोप्टेभिर, तुइनखोलालगायतको अवलोकन गर्दै वर्षायाममा समस्या नदोहोरिने गरी छिटो काम गर्न निर्देशन दिनुभएको थियो।

# प्रशासनिक संरचना कटौती

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, चैत २९ गते*

बागमती प्रदेश सरकारले प्रशासनिक संरचना कटौती गर्दै शासन प्रणालीलाई चुस्त, प्रभावकारी र परिणाममुखी बनाउने रणनीतिलाई तीव्रता दिएको छ। आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटअघि नै प्रशासनिक ढाँचा पुनर्संरचना गरेर खर्च नियन्त्रण, सुशासन सुदृढीकरण र सेवा प्रवाह सुधार गर्ने लक्ष्यसहित सरकार अघि बढेको हो।

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ नेतृत्वको सरकारले अहिले कायम १४ मन्त्रालयलाई घटाएर आठमा सीमित गर्ने स्पष्ट राजनीतिक निर्णयतर्फ उन्मुख देखिएको छ। सत्ता साझेदार दलहरू नेपाली कांग्रेस र नेकपा (एमाले) बिच यस विषयमा सहमति बनिसकेको छ। मन्त्रीपरिषद्ले कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसुदन पौडेलको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति गठन गरी पुनर्संरचनाको प्रक्रिया अघि बढाएको छ । सो समितिमातहतको विज्ञ टोलीले तयार पारेको प्रतिवेदनलाई अन्तिम रूप दिने काम तीव्र रूपमा भइरहेको मन्त्री पौडेलले बताउनुभएको छ। मन्त्रालयहरू र प्रदेश सभाका विषयगत समितिसँग १५ दिनभित्र सुझाव माग गरिएको छ र वैशाख ७ भित्र प्राप्त सुझावका आधारमा अन्तिम निर्णय गरिने तयारी छ।

पूर्वसचिव विमल वाग्ले नेतृत्वको विज्ञ टोलीले फागुन २७ मा बुझाएको प्रतिवेदनले प्रदेशमा मुख्यमन्त्री कार्यालयसहित आठ मन्त्रालय पर्याप्त हुने निष्कर्ष निकालेको थियो। सोही प्रतिवेदनलाई आधार बनाएर सरकारले प्रशासनिक खर्च कटौती गर्न ७०१ जना कर्मचारीको दरबन्दी घटाउने प्रस्तावसमेत अघि सारेको छ। पुनर्संरचना अन्तर्गत प्रदेशका सात निर्देशनालयमध्ये कृषि विकास निर्देशनालय र स्वास्थ्य निर्देशनालय मात्र कायम राख्दै बाँकी पाँच निर्देशनालय खारेज गर्ने तयारी छ।

त्यस्तै विभिन्न बोर्ड र अनावश्यक संरचना हटाउने सुझावसमेत समेटिएको छ । हालका आन्तरिक मामिला तथा कानुन, खानेपानी ऊर्जा तथा सिँचाइ, श्रम रोजगार तथा यातायात, उद्योग वाणिज्य भूमि तथा प्रशासन, संस्कृति तथा पर्यटन, युवा तथा खेलकुद र स्वास्थ्य मन्त्रालय खारेज गरी तिनका जिम्मेवारीलाई समेटेर नयाँ संरचना बनाइने प्रस्ताव गरिएको छ। प्रस्तावित नयाँ संरचना अनुसार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना, उद्योग-संस्कृति-पर्यटन तथा यातायात, कृषि-पशुपन्छी-भूमि व्यवस्था तथा सहकारी, भौतिक पूर्वाधार विकास, वन तथा वातावरण, सहरी तथा स्थानीय विकास र स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय रहने छन्।

सरकारका प्रवक्ता तथा आर्थिक मामिलामन्त्री प्रभात तामाङका अनुसार सत्ता साझेदार दलबिच संरचना पुनर्गठनमा पूर्ण सहमति रहेकाले प्राविधिक सुझाव प्राप्त भएलगत्तै पुनर्संरचनाले अन्तिम रूप पाउने छ।

---

## लोमन्थाङ गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**लोमन्थाङ, मुस्ताङ, गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशन मितिः- २०८२/१२/३०**

यस कार्यालयबाट मिति २०८२।११।१७ गते प्रकाशित सूचना अनुसार रीतपूर्वक पेश हुन आएका बोलपत्र मध्येबाट न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही तपसिलमा उल्लिखित बोलपत्र दाताको बोलपत्र स्वीकृतिका लागि सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल**

| क्र.सं. | ठेक्का नम्बर | कामको विवरण | बोलपत्र दाताको नाम ठेगाना | कबोल अङ्क (मू.अ.क. र पी.एस) सहित |
|---|---|---|---|---|
| 1 | 05/LRM/W/NCB/2082-083 | Korala Border Water Boring Project | Asian Construction and Drilling, Melung-07, Dolakha | 30,23,531.30 |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## कोशी प्रदेश
**स्वास्थ्य मन्त्रालय**
**शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्र**
**विराटनगर, नेपाल ।**

**Supply, Delivery & Installation of Desktop Computer and Other Necessary Communication Accessories**

**National Competitive Bidding (NCB)**
**SAKPHCC-NCB-01**
**प्रथम पटक प्रकाशित मिति : २०८२।११।२७**
**दोस्रो पटक प्रकाशित मिति : २०८२।१२।३०**

यस अस्पतालका लागि आवश्यक पर्ने डेस्कटप कम्प्युटर तथा अन्य मेसिनरी उपकरणहरू खुला बोलपत्र प्रस्ताव आह्वान गरी खरिद गर्नुपर्ने भएकाले इच्छुक इजाजत पत्र प्राप्त व्यक्ति, फर्म/कम्पनी, व्यवसायी तथा संस्थाहरूले सार्वजनिक खरिद कार्यालयको EGP Portal **https://bolpatra.gov.np/egp** मार्फत बोलपत्र प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र सम्बन्धी सम्पूर्ण जानकारी सार्वजनिक खरिद कार्यालयको EGP Portal https://bolpatra.gov.np को माध्यमबाट आह्वान गरिएको बोलपत्र कागजातमा रहेको सूचनामा उल्लेख गरिएको छ।

---

## Sainamaina Municipality
**Office of Municipal Executive, Buddhanagar, Rupandehi**

**Invitation for Re-Bid**

Date of Publication: 2082/12/30

1. The Sainamaina Municipality invites sealed bids from the eligible bidders for the procurement of following works under Sealed Quotation (SQ) procedure:

| Contract No. | Brief Description of Goods | Estimated Cost (With VAT) | Bid Security (Rs.) | Cost of Bid Document (Rs) |
|---|---|---|---|---|
| SQ/12/082-83 | Construction of Black Topped Road at Kanchhi Tole Jarliya | Rs. 17,31,825.64 | 55,000 | 1000 |
| SQ/13/082-83 | Black Topped Road Maintenance Works of Jhimjhime to Bemteni at Ward No.10 | Rs. 15,05,780.87 | 45,000 | 1000 |

2. Eligible bidders may obtain the further information and inspect the bidding documents at the office within office hours or may visit PPMO e-GP system website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

---

## कोशी प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
**शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्र**
**विराटनगर, नेपाल**
**Supply, Delivery & Installation of Desktop Computer and Other Necessary Communication Accessories**

**National Competitive Bidding (NCB)**
**SAKPHCC-NCB-01**

**प्रथम पटक प्रकाशित मितिः** २०८२।११।२७, **दोस्रो पटक प्रकाशित मितिः** २०८२।१२।३०

यस अस्पतालको लागि आवश्यक पर्ने डेस्कटप कम्प्युटर तथा अन्य मेशिनरी उपकरणहरू खुला बोलपत्र प्रस्ताव आह्वान गरी खरिद गर्नु पर्ने भएकाले इच्छुक इजाजत पत्र प्राप्त व्यक्ति, फर्म र कम्पनी, व्यवसायी तथा संस्थाहरूले सार्वजनिक खरिद कार्यालयको EGP Portal https://bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र सम्बन्धी सम्पूर्ण जानकारी सार्वजनिक खरिद कार्यालयको EGP Portal https://bolpatra.gov.np को माध्यमबाट आव्हान गरिएको बोलपत्र कागजातमा रहेको सूचनामा उल्लेख गरिएको छ।

---

## कृषि ज्ञान केन्द्र
**वीरगञ्ज, पर्सा**

**कृषि मेशिनरी उकरणहरुको आपूर्तिका लागि आपूर्तिकर्ताबाट सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२।१२।३०)

यस कार्यालयको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयबाट सञ्चालन हुने विभिन्न कार्यक्रम अन्तर्गत छनोट भएका अनुदानग्राहीलाई कृषि मेसिनरी यन्त्र उपकरणमा अनुदान दिने प्रयोजनको लागि योग्यता पुगेका इच्छुक कृषि यन्त्र उत्पादक, आपूर्तिकर्ता, वितरकहरूबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३१औं दिन अर्थात् मिति २०८३।०१।३० गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ । रीतपूर्वक समयभित्र प्राप्त सिलबन्दी प्रस्ताव सोही दिन (२०८३।०१।३०) दिनको २:०० बजे आपूर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा सिलबन्दी प्रस्ताव खोलिनेछ। आपूर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन। थप विस्तृत सूचना तथा निर्दिष्ट फाराम कार्यालयको वेबसाइट http://parsa.akc.gov.np बाट डाउनलोड गर्न सकिने छ तथा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ।

---

## नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कोशी अस्पताल**
विराटनगर, मोरङ
मितिः २०८२।१२।३०

**प्राविधिक प्रस्ताव (Technical Bid ) स्वीकृत गर्ने सम्बन्धी सूचना**

यस अस्पतालको ठेक्का नं. **KH/NCB/M-08/2082/83** (Supply and Delivery of Medicine & Related goods for Hospital Pharmacy & Hospital use) बाट **www.bolpatra.gov.np/egp** मा सूचना प्रकाशन गरी विद्युतीय बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयावधीभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल अनुसारका बोलपत्रदाताहरूको प्रवाधिक प्रस्ताव (Technical Bid) स्वीकृत भएको र मूल्य (Price Bid) सूची मिति २०८३।०१।०७ गते दिनको २:०० बजे खोलिने सम्बन्धित सबैको जानकारीको लागि ७ दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | प्रवाधिक प्रस्ताव (Technical Bid ) योग्यता भएको बोलपत्रदाताहरू |
|---|---|
| १ | श्री बिसु मेडिसेल्स प्रा. लि., विराटनगर। |
| २ | श्री हिमसागर मेडिकल हल प्रा. लि., पोखरा। |
| ३ | श्री एलाइभ फर्मास्युटिकलस् प्रा. लि., सुनसरी। |
| ४ | श्री गौरी मेडिसीन सप्लायर्स, काठमाडौं। |
| ५ | श्री क्युमेड फर्मुलेशन प्रा. लि., भक्तपुर। |
| ६ | श्री सर्जिमेड डिष्ट्रिब्युटर्स, सुनसरी। |
| ७ | श्री ब्लु मुन मेडिटेक फर्मा, काठमाडौं। |
| ८ | श्री डालिमा मेडिसेल्स प्रा. लि., काठमाडौं। |
| ९ | श्री सेजल शैशव फर्मा, विराटनगर। |
| १० | श्री पर्ल मेडिटेक प्रा. लि., भक्तपुर। |
| ११ | श्री निक्की डिष्ट्रीब्युटर्स, सुनसरी। |

**प्रमुख मेडिकल सुपरिन्टेन्डेट**

---

## कोल्हवी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**कोल्हवी, बारा**

**बोलपत्र आह्वानको सूचना**

प्रकाशित मितिः २०८२।१२।३०

यस कार्यालयको सिलबन्दी दरभाउ (Seal Quotation) सम्बन्धी सूचना IFB No: KM/SQ/BLDG/15/2082-083 http://bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नहुन तथा सम्बन्धित website (http://bolpatra.gov.np/egp) visit गर्नुहुन अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

## मदरसा इस्लामिया मिस्बाहुल वलूम
लुम्बिनी सांस्कृतिक नपा-१३, कालिदह
रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**विज्ञापन सम्बन्धमा**

यस मदरसाको व्यवस्थापन समितिको मिति २०८२।१२।०८ गतेको निर्णय एवम् लु.साँ.न.पा. को च.नं. ३२३१ मिति २०८२।१२।१८ गतेको पत्रानुसार रिक्त सहयोगी कार्यकर्ता छनोट गर्न तपसिल अनुसार योग्य महिला उम्मेदवारबाट दरखास्त दिनुहुन यो विज्ञापन प्रकाशित गरिएको छ।

**तपसिल**

१. विज्ञापन नं. ०१/२०८२/८३
२. पदः सहयोगी कार्यकर्ता
३. किसिमः अस्थायी (करार)
४. संख्याः १ (एक)
५. तलब भत्ताः नेपाल सरकारको नियमानुसार
६ उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
७. परीक्षाको किसिमः लिखित तथा अन्तर्वार्ता
८. दरखास्त दस्तुरः ५०० (पाँच सय)
९. दरखास्त दिने मितिः २०८२।१२।३० देखि २०८३।०१।१४ गते सम्म।
१०. सम्पर्क मितिः २०८३।०१।१५
११. परीक्षा हुने मितिः सम्पर्क मितिका दिन तोकिने छ।
१२. न्युनतम योग्यताः आइ.ए. वा सो सरह।

**आवश्यक प्रमाणहरू**

१. नेपाली नागरिकताको प्रमाणित फोटोकपी।
२. शैक्षिक योग्यता प्रमाण पत्रको प्रमाणित फोटोकपी।
३. विदेशी बोर्डबाट उत्तीर्ण उम्मेदवारको समकक्षता प्रमाणपत्रको प्रमाणित फोटोकपी।
४. निरोगिताको प्रमाण-पत्रको सक्कल प्रमाण।

**नोट**: दरखास्त दस्तुर बुझाउँदा यस मदरसाको नामबाट कृषि विकास बैंकमा सञ्चालन रहेको च.हि.न. ०४१४९०१६८४४०६०१८ मा रु. ५००।- दाखिला गरेको सक्कल भौचर हुनुपर्ने।

**सम्पर्क नं.: ९८१६४३२८२९**

**सार्वजनिक स्थानमा धूमपान नगरौं ।**

---

## श्री लुम्बिनी साझेदारी वन उपभोक्ता समूह
**कञ्चन ५, रुपन्देही**

**काठदाउरा संकलन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२।१२।३० गते**

यस लुम्बिनी साझेदारी वन उपभोक्ता समूह, रुपन्देहीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८२/०८३ मा थिनिङ तथा सुधार कटान गरिने सव कम्पार्टमेन्टहरूमा छपान भएको तपसिलको ठेक्का नं. १ देखि ६ बमोजिमको जम्मा रुख १३०० थान (काठ १८८४३,०२ क्यु. फि. र दाउरा १४१.४ चट्टा) कटान, मुछान, गरी घाटगद्दी गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काष्ठ व्यवसाय गर्ने इजाजत प्राप्त व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी दरभाउपत्र खरिद गरी १६ औं दिन दाखिला गर्न अह्वाान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस साझेदारी वन व्यवस्थापन समितिको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ। **तपसिल**

| ठेक्का नं. | सव कम्पार्टमेन्ट | रुख संख्या | जम्मा आयतन (क्यू.फि.) | काठ (क्यू.फि.) | दाउरा (चट्टा) | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | C2S7 | 177 | 7509.16 | 1670.30 | 17.52 | |
| 2 | C3S7 | 246 | 10537.82 | 3409.26 | 21.39 | |
| 3 | C4S7 | 172 | 5728.56 | 1931.85 | 11.39 | |
| 4 | C2S8 | 220 | 10607.57 | 2859.69 | 23.24 | |
| 5 | C3S8 | 289 | 17398.58 | 4586.13 | 38.44 | |
| 6 | C4S8 | 196 | 14196.79 | 4385.79 | 29.43 | |
| | **कुल जम्मा** | 1300 | 65978.48 | 18843.02 | 141.41 | |

---

## फिदिम नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
फिदिम, पाँचथर

प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/१२/३०

फिदिम नगरपालिकाको कार्यालयलाई आवश्यक कृषि उपकरण आपूर्ति गर्न दरभाउपत्र आह्वानको e-bidding सम्बन्धी विस्तृत सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp मा समेत राखिएको छ। इच्छुक उत्पादक कम्पनी,आधिकारिक बिक्रेता र सप्लायर्स फर्महरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले आवश्यक कागजातसहित १६ औं दिनको १२.०० बजेभित्र दाखिला गरी सक्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | आपूर्ति गर्ने सामानको विवरण | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| PM/AE/SQ/G/2082/083-25 | कृषि उपकरण आपूर्ति | ५०,०००/- | १,०००/- |

१. फिदिम न.पा. आन्तरिक राजश्व खाता नं. ०६७०३००००१००१००००१
२. फिदिम न.पा. धरौटी खाता नं. ०६७०३०००००३००००००००१

---

## काठमाडौं महानगरपालिका
**यँ महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिद एकाई**
काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२।१२।३०, नेपाल संवत ११४६ चौलागा एकादशी**

काठमाडौं महानगरपालिका खरिद एकाईले तपसिलको कार्यका लागि गोरखापत्र (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अंक (रु.) (मू.अ. कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १. | 02-03-082-83-NCBW-HTD-KMC | Reconstruction of Nasa Dyo Chhen, KMC-25, Kel Tole | Sujan Nirman Sewa | १,७१,३९,३७७.२० |

**खरिद एकाई**

---

## करैयामाई गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**करैया, बारा**
**मधेश प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा**

**प्रथम पटम प्रकाशित मिति : २०८२।१२।३०**

यस कार्यालयको मिति २०८२/११/१४ गते जनकपुर टुडे दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार ठेक्का नं. KRM/NCB/W/07/2082-083(Construction of Black Topped Road & RCC Drain along Madhuban Karaiya Lautan Siswa Bara bazaar Road) कार्यका लागी Double Envolpe e-bidding मार्फत दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) ५ अनुसार आर्थिक प्रस्ताव खोली मूल्याङ्कन प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि सूचना प्रकाशित गरिएको छ। **तपसिल**

| सि.नं. | ठेक्का नं. र नाम | प्राविधिक पक्षमा सारभूत रूपमा प्रभावग्राही सफल बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १. | KRM/NCB/W/07/ 2082-083 (Construction of Black Topped Road & RCC Drain along Madhuban Karaiya Lautan Siswa Bara bazaar Road) | 1. Bhupendra Construction, Kaliaya-6, Bara<br>2. Taj-Rojina J.V.Birgunj-14, Parsa | करैयामाई गाउँपालिका, करैया, बारा<br>मिति : २०८३।०१।०७<br>समय : दिउसो १:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**